म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३५ शनिबार २५ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 8 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गरिव वडाबासीको स्वास्थ्यबीमा गर्दै गढी-३

हेटौंडा, २४ चैत/मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ मा बसोबास गर्ने निम्न आय भएका २८ परिवारको वडा कार्यालयले निशुल्क स्वास्थ्य बीमा गरिदिएको छ । वडाका ८ ओटा टोल विकास संस्था र मक्रान्चुली सामुदायिक स्वास्थ्य इकाईको सिफारिसमा २८ बिपन्न परिवारलाई स्वास्थ्य बीमामा सहभागी गराइएको हो । वडा कार्यालयको आव २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत वडाको विभिन्न लक्षित कार्यक्रम शीर्षकमा विनियोजित रकम ६ लाख रुपैयाँमध्येबाट स्वास्थ्य बीमा गर्न एक लाख रुपैयाँ भुक्तानी गरेको बताइएको छ । वडा समितिको बैठकले निर्णय गरेर स्वास्थ्बीमा गरिएको वडाअध्यक्ष भागवत घिमिरेले जानकारी दिए । सिफारिसमा परेका तथा निम्न आय भएका अन्य बाँकी परिवारको पनि पहिचान गरी आगामी दिनमा बजेटको सुनिश्चित गरी कार्यक्रमलाई निरन्तरता दिइने वडाअध्यक्ष घिमिरेले बताए । स्वास्थबीमा कार्यक्रमबाट ग्रामीण क्षेत्रका बासिन्दाको स्वास्थ्योपचारमा निकै राहतको अनुभूति भएको बताइएको छ ।

## मकवानपुरगढीमा पिल्लर उठाएर ६ वर्षदेखि अलपत्र पुलको ठेक्का रद्द

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ मकवानपुरगढीमा वर्षौंदेखि अलपत्र पक्की पुलको ठेक्का रद्द गरिएको छ । ठेकेदारले समयमै काम नगर्दा मकवानपुरगढीको ५ र ३ नम्बर वडा जोड्ने पुलको सामरी खोलामा पिल्लर मात्रै ठडिएका छन् ।

पुलको पिल्लर मात्रै हेरेर जोखिम मोल्दै सामरी खोला ओहोर दोहोर गर्नुपर्ने वडाबासीको बाध्यता निकट भविष्यमै हट्ने भएको छ । बागमती प्रदेशको भौतिक विकास मन्त्रालयले पुलको ठेक्का तोडेर नयाँ ठेक्का लगाउने तयारी गरेको छ । निकट भविष्यमै पुलको नयाँ ठेक्का लगाएर अलपत्र रहेको निर्माण कार्य पूरा गर्ने योजनामा पुल हेरिहेको मन्त्रालयअन्तर्गत्को पूर्वाधार विकास कार्यालय चितवन अघि बढेको छ । सामरी खोलामा निर्माणाधीन पुल (सामरी खोला प्रि स्ट्रेसड ब्रिज) पटक-पटक म्याद थप गर्दा पनि पुरा भएको थिएन ।

पूर्वाधार विकास कार्यालय र नागार्जुन–शंकरमाली जेभीबीच २०७२ सालमा ठेक्का सम्झौता भई २०७४ सालमा निर्माण गरिनुपर्ने उक्त



पुलको खोलामा पिल्लर मात्रै ठडिएका हुन् । पटकपटक म्याद थप गर्दा पनि हालसम्म निर्माणकार्य अगाडि नबढाइएको भन्दै मन्त्रालयले ठेक्का रद्द गर्दै निर्माण कम्पनीलाई तीन वर्षका लागि कालोसूचीमा समेत राख्ने निर्णय गरेको पूर्वाधार विकास कार्यालय चितवनका प्रमुख इन्जिनियर वीरेन्द्र यादवले जानकारी दिए । उनले ठेक्का रद्द भइसकेको र अब नयाँ प्रक्रियाअनुसार ठेक्का लगाएर काम सक्ने जानकारी दिएका हुन् । उनले पुलको भौतिक प्रगति ४५ प्रतिशत मात्रै भएको बताए । खर्च प्रगति ३० प्रतिशत भइसकेको यादवले बताए ।

पुल निर्माण पूरा हुन स्ल्याब ढलान, बार र रंगरोगन बाँकी छ । नागार्जुन–शंकरमाली जेभीले ठेक्का लिएर हेटौंडाकै स्थानीय ठेकेदार लाई पेटी ठेक्का दिएको थियो । पेटी ठेकेदारले काम गर्न नसकेपछि निर्माण कम्पनी पनि अप्ठेरोमा परेको छ । नागार्जुन–शंकरमाली जेभीले पूर्वाधार विकास कार्यालय चितवनमा १ करोड ६७ लाख रुपैयाँ भुक्तानीको लागि दाबी गरेको छ । जसमा करिब ६० लाख रुपैयाँ ठेकेदारलाई भुक्तानी हुन बाँकी रहेको इन्जिनियर यादवले जानकारी दिए । उक्त रकम अध्ययन पश्चात भुक्तानी गर्नुपर्ने वा नपर्ने निक्यौंल गरेर निर्णय लिने तयारी मन्त्रालय र कार्यालयको छ ।

नागार्जुन–शंकरमाली जेभीले तोकिएको समयभित्र पुल निर्माण गर्न नसकेपछि प्रथम पटक २०७५ चैत २६ गते तीन महिना चार दिनका लागि समय थप गरिएको थियो । उक्त समयभित्र पनि पुल निर्माण हुन नसकेपछि २०७६ फागुन ८ गते पुनः एक वर्षको लागि समय थपिएको थियो । दुई पटकसम्म म्याद थप्दा पनि ठेकेदारले काम नगरेपछि भौतिक मन्त्रालयले ठेक्का रद्द गरेको हो । भौतिकमन्त्री युवराज दुलालले गत माघमा निर्माणाधीन पुलको स्थलगत निरीक्षण गर्दै तत्काल काम नगरे पुलको ठेक्का तोड्न सक्ने चेतावनी दिएका थिए । ठेकेदार सरकार भन्दा पनि शक्तिशाली हुन खोजेपछि दुलालले ठेक्का तोडेका हुन् ।

जनताको जनजीवनसँग जोडिएको विकासका पूर्वाधार निर्माणमा पटकपटक समय थप्दा पनि काम नभएपछि रद्द गर्नुको विकल्प नरहेको दुलालको भनाई छ । प्रदेश सरकार सँग पहुँचको आधारमा काम छल्ने कार्य अब अन्त्य हुने मन्त्री दुलालले बताए । बाँकी पृष्ठ ४....

## लागूऔषधसहित ७ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ प्रहरीचौकी रातोमाटे र शसस्त्र प्रहरी बल नेपाल नं. १४ गण हेडक्वाटरबाट खटिएको संयुक्त प्रहरी टोलीले हेटौंडा-१५ चुरियामाईस्थित पूर्वपश्चिम सण्डक-खण्डमा सवारी साधन चेकजाँच गर्ने क्रममा ३ जनालाई लागूऔषध सहित पक्राउ गरेको छ । बीरगंजबाट हेटौंडातर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ह १३७२ नं. को अटोलाई चेकजाँच गर्ने क्रममा अटोमा सवार चितवन भरतपुर-२ बस्ने बर्ष ३५ को ईश्वर श्रेष्ठ र बर्ष ३४ को रमेश घलेले लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा लागूऔषध नाईट्राभेट २९९ ट्याब्लेट फेला परेको प्रहरीले जनाएको छ ।

लागूऔषध नाईट्राभेट सहित नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रबक्ता पहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिएका छन् । यस्तै शुक्रबार बिहान ३ बजेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले लागूऔषधसहित ४ जनालाई नियन्त्रणमा लिएको छ ।

हेटौंडा-१ स्थित तरकारी बजारमा बीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको बीआर २९ जीबी ५४८६ नं. को भारतीय कागती लोड रहेको बोलेरो पिकअप गाडीलाई लागू औषधसहित नियन्त्रणमा लिएको बताइएको छ । चेकजाँच गर्ने क्रममा बोलेरोका चालक भारतीय नागरिक जिल्ला सिवान सुल्तानपुर वडा नं. ०५ बस्ने वर्ष २६ को अमित कुमार र सोही गाडीमा सवार भारतीय नागरिक वर्ष २३ को अनिल कुमारले लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा २ सय ४० बोतल लागूऔषध ओनरेक्स १०० एमएल र लागूऔषध डाईजेपाम ६ सय ५० एम्पुल, फेनार्गन ६ सय एम्पुल, नोफिन ६ सय एम्पुल गरी जम्मा १८५० एम्पुल फेला प्रहरीले जनाएको छ ।

लागूऔषधको बारेमा सोधपुछ गर्दा जिल्ला मकवानपुर हेटौंडा-१० बस्ने वर्ष २८ को प्रमेश्वर मगर र जिल्ला बारा घर भई हाल हेटौंडा-५ बस्ने वर्ष ३० की अनिता तिमल्सिनाले मगाएको बताएका थिए । लागूऔषध, पिकअप गाडी सहित अमित कुमार, अनिल कुमार, प्रमेश्वर मगर र अनिता तिमल्सिनालाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भइरहेको निमित्त प्रहरीप्रवक्ता प्रनि घिमिरेले जानकारी दिए ।

## आज शनिबार भुटनदेबी मन्दिरमा बिसासय पूजा

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ भुटनदेवी माताको मन्दिरमा चैत २५ गते शनिबार सप्तबलिसहितको बार्षिक विसासय पूजा हुँदैछ । प्रसिद्ध स्थानीय शक्तिपीठ भूटनदेवी मन्दिरमा वार्षिक विसासय पूजा क्षमापूजाको रुपमा हरेक चैतको शनिबार हुने गरेको छ । हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरको मन्दिर व्यवस्थापन समितिले शनिबार पूजा तथा बलिपूजा गर्न लागेको हो ।

पूजाको समयमा एक सय ८ वटा परेवा, एउटा कुखुरा, १५ वटा बोका, एउटा हाँस, एउटा राँगो, एउटा सुँगुर, एउटा पाठो गरी एक सय २८ वटा पशुबलि दिइन्छ । समस्त धर्मप्रेमी भक्तजनको सुखशान्ति र समृद्धिका लागि प्रत्येक वर्ष चैत महिनामा विसासय (क्षमा) पूजा हुने गरेको भूटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिका अध्यक्ष राममान श्रेष्ठले जानकारी दिए । हिन्दू धर्मावलम्बीको आस्थाकी देवी भूटनदेवी मातासहित देवी र गणदेवतालाई एकसय २८ वटा पशुको सप्तबलि दिइने गरिएको श्रेष्ठले जानकारी दिए ।

भूटनदेवी मन्दिरमा गरिने क्षमापूजाले मकवानपुरमा मात्र नभई विश्वलाई नै शान्ति दिने जनविश्वास रही आएको छ । बर्षौंदेखि चल्दै आएको क्षमापूजामा हिन्दू र बौद्ध



धर्मावलम्बी दुबैले पूजा गर्ने गरेका छन् । मन्दिर व्यवस्थापन समितिले क्षमापूजाका लागि करिब ६ लाख रुपैयाँको खर्च अनुमान गरेको छ ।

बिहान ९.०० बजेदेखि विसासय पूजा नसकिएसम्म भक्तजनलाई भूटनदेबी माताको दर्शन एबम् पूजामा रोक लगाइएको हुन्छ । दिउँसो ३.०० बजेदेखि प्रसाद बितरण गरिने स्थानीय सिद्धिलाल श्रेष्ठले जानकारी दिएका छन् । राणाकालीन समयमा चिसापानीगढी स्थित बडाहाकिमको कार्यालयले भुटनदेबीमा विसासय पूजाको खर्च दिने गरेको थियो । २००७ सालमा राणाशासनको अन्त्य भएपछि तत्कालीन अंचलाधीश कार्यालयमार्फत् विसासय पूजा गरिन्थ्यो ।

२०४६ को राजनीतिक परिबर्तन पछि केही समय पूजा अन्यौलमा परेको थियो । २०५४ सालदेखि पुन स्थानीयसँगको समन्वय र सहयोग संकलन गरी विसासय पूजालाई निरन्तरता दिन थालिएको हो ।

Education is the real treasure

ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9



www.admission.hetaudaacademy.edu.np
APPLY NOW
Entrance Date : 25 Chaitra 2079

Scholarships
a feature of socially resposible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

Time :- 11:00 am

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ANDROID APP ON Google play
Available on the App Store

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# स्मार्टफोनको ब्याट्री जोगाउन चाहनुहुन्छ ? चार्ज गर्दा यी गल्ती नगर्नुहोस्

कुनै पनि स्मार्टफोनमा यसको ब्याट्री सबैभन्दा महत्वपूर्ण पाटपुर्जा हो । फोनलाई दुरुस्त राख्न र यसलाई पूर्ण क्षमतामा चलाउनका लागि यसको ब्याट्री दुरुस्त हुनु अत्यावश्यक हुन्छ ।




स्मार्टफोन प्रयोगकर्ताको रुपमा तपाईं हाम्रा फोन चार्ज गर्ने बानी विभिन्न खालका हुन्छन् । स्मार्टफोन कसरी चार्ज गरिन्छ भन्ने कुराले फोनमा र खासगरी यसको ब्याट्रीमा कुनै असर गर्दैन भन्ने धारणा धेरैको हुन्छ । तर वास्तवमा फोन चार्ज गर्दा अपनाइने गलत तरिकाले ब्याट्रीको दीगोपना तथा क्षमतामा नकारात्मक असर पार्दछ ।

फोनमा कुनै समस्या आउन नदिन तथा बढीभन्दा बढी समय राम्रोसँग काम गर्ने कुराको सुनिश्चितताका लागि ब्याट्रीको उचित हेरचाह आवश्यक हुन्छ ।

हाम्रा कतिपय आनीबानीहरु यस्ता हुन्छन् जसले फोनको ब्याट्रीमा नकारात्मक असर पुऱ्याउँछन् । यस्ता आनीबानी परिवर्तन गरेर फोनको चार्जिङ स्पिडमा वृद्धि, ब्याट्री लाइफमा वृद्धि तथा फोन क्षतिग्रस्त हुने सम्भावित जोखिमबाट बचाउन सकिन्छ । फोनको ब्याट्रीलाई बिग्रिनबाट बचाउनका लागि तपाईंले त्याग्नैपर्ने तीन वटा आनीबानी यस्ता छन् :

**खोलमै राखेर फोन चार्ज गर्ने बानी** :

फोनको खोल नफुकालिक नै फोन चार्ज गर्ने बानी धेरैजसो स्मार्टफोन प्रयोगकर्ताको हुन्छ । तर यसो गर्नु राम्रो होइन । यसले खासगरी दुईवटा समस्या ल्याउन सक्दछ, पहिलो, ब्याट्री बढी तात्न सक्दछ र दोस्रो कनेक्टर भाँच्चिन सक्दछ । कमसल तथा डिजाइन नमिलेको खोलमा राखेर फोनलाई चार्जरमा जोड्दा त्यसले चार्जिङ कनेक्टर बिग्रिन सक्दछ । यसो गर्दा चार्जर केवलको मुखको साइज बिग्रिने र चार्जर राम्रोसँग फिट नहुने समस्या आउन सक्दछ । त्यस्तै खोलमा फोन राखेर चार्ज गर्दा फोन तात्ने समस्या हुन सक्दछ । यसले फोनको चार्जिंग स्पिडलाई घटाइदिने र ब्याट्रीको आयु नै खस्किने जोखिम हुन्छ । त्यसैले यस्ता समस्या आउन नदिनका लागि चार्ज गर्ने बेलामा फोनलाई यसको केसबाट निकाल्नुहोस् ।

**हरेक दिन फास्ट चार्जर प्रयोग गर्ने** :

यदि तपाईंको फोनमा फास्ट चार्जर अर्थात् ४० वाट चार्जर छ भने पनि यसलाई फोन चार्ज गर्नका लागि दैनिक प्रयोग नगर्नुहोस् । यसले तपाईंको फोनको ब्याट्रीको क्षमतामा एक वर्षमै गिरावट ल्याइदिन्छ । त्यसैले तपाईंले समय भएको बेला स्लो चार्जरबाट फोन चार्ज गर्न सक्नुहुन्छ । छोटो समयमा फोन चार्ज गर्नुपर्दा मात्रै फास्ट चार्जर प्रयोग गर्नुहोस् । यो कुरा ह्वात्त सुन्दा बेतुकको लाग्न सक्दछ तर दैनिक तीव्र चार्जरको प्रयोग गर्दा त्यसले ब्याट्रीमा दबाब पर्ने र क्षमतामा तीव्र ह्रास आउने जोखिम रहन्छ ।

**ब्याट्रीलाई ५ प्रतिशत भन्दा तल रित्याउनु** :

स्मार्टफोन ब्याट्रीका लागि अर्को हानिकारक सावित हुने आनीबानी भनेको ब्याट्रीको चार्जलाई रित्याएर ५ प्रतिशतभन्दा पनि तल झार्नु हो । फोनको ब्याट्रीलाई बिगार्ने यो सबैभन्दा हानिकारक बानी हो । फोनमा ब्याट्रीको चार्ज १०/१५ प्रतिशत भन्दा तल झर्दा त्यसले ब्याट्रीमा अत्यधिक दबाब पर्न थाल्दछ । यदि तपाईंले दैनिक जसो नै आफ्नो फोनको ब्याट्रीलाई यसरी रित्याउने र समयमै चार्ज नगर्ने गर्नुभयो भने त्यसले फोनलाई तीव्र गतिमा स्खलित गराउँदछ । त्यसैले फोनको ब्याट्री १५ प्रतिशतभन्दा तल नझर्दै फोनलाई चार्ज गरिहाल्नु पर्दछ ।

**यौन/जीवनशैली**

# महिनावारीमा पुरानो कपडाको प्रयोग गर्दा के हुन्छ ?

महिलाका लागि अनिवार्य आवश्यक्ता हो, स्यानिटरी प्याड । प्रत्येक महिलाले हरेक महिना स्यानिटरी प्याड प्रयोग गर्नुपर्ने हुन्छ । तर, सबैको हकमा यसको सहज उपलब्ध छैन । एक त खर्च अभाव, अर्कोतिर सहजै नपाइने । विपन्न अनि ग्रामिण क्षेत्रमा स्यानिटरी प्याड 'आकासको फल' जस्तै भएको छ ।



महिनावारी एउटा प्रकृति प्रक्रिया हो । महिनावारी भएका महिलाले आफ्नो सरसफाइमा विशेष ध्यान दिनुपर्छ । यो समयमा थोरै लापरबाहीले पनि महिलाहरूको स्वास्थ्यमा असर ठुलो असर गर्न सक्छ । यो समयमा आरामदायी रहनको लागि प्राय महिलाले स्यानिटरी प्याडको प्रयोग गर्छन् । तर, नेपालमा अहिले पनि धेरै महिला महिनावारीको समयमा पुरानो कपडाको प्रयोग गर्छन् ।

सबै नेपाली महिला स्यानिटरी प्याडको पहुँचमा छैनन् । सर्वत्र यो उपलब्ध छैन र अर्कोतिर सबैसँग किन्ने पैसा नहुन पनि सक्छ त्यसैले कपडालाई नै सुरक्षित तरिकाले कसरी प्रयोग गर्ने भन्नेबारे जानकारी धेरै महिलाहरूको लागि महत्त्वपूर्ण विषय हो । पछिल्लो केही वर्ष यता नेपालमा धेरै महिलाले प्याडको प्रयोग गर्न थालेका छन् । गाउँको तुलनामा सहरमा प्याडको प्रयोग बढी हुन्छ । तर, अहिले विभिन्न संघ संस्थाहरूले गाउँमा पनि प्याड वितरण गर्ने भएकोले प्याड प्रयोग गर्नेहरूको संख्या बढेको हुनुपर्छ । स्यानिटरी प्याड पुन प्रयोग गर्न नमिल्ने भएकोले यो धेरै मात्रामा सुरक्षित छ । कपडाको तुलनामा यो आरामदायी पनि छ ।

जुन ठाउँमा स्यानिटरी प्याड सजिलै उपलब्ध हुँदैन त्यो ठाउँमा महिलाहरूले कपडाको प्रयोग प्याडको रूपमा गर्न सक्छन् । कपडाले धेरै रगत सोस्न नसक्ने भएकोले धेरै महिलाले धेरै बाक्लो कपडाको प्रयोग गर्छन् । तर, धेरै बाक्लो कपडा प्रयोग गर्दा हिँड्न अफ्ठेरो हुन्छ । त्यसैले सुतीको कपडालाई ठिक्क बाक्लो हुने गरी पट्याएर प्रयोग गर्नु उचित हुन्छ ।

स्यानिटरी प्याड किन्ने पैसा नभएका महिलाहरूले प्याडको रूपमा नयाँ कपडालाई प्रयोग गर्न पनि सक्दैनन् । त्यसैले, उनीहरूले थोत्रो कपडालाई नै राम्ररी सफा गरेर स्यानिटरी प्याडको रूपमा प्रयोग गर्न सक्छन् । तर, थोत्रो कपडा प्रयोग गर्दा केही कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

**पुरानो कपडा प्रयोग गर्दा अपनाउनु पर्ने सावधानी**

कपडालाई साबुन पानीले राम्ररी धोएर घाममा सुकाउनु पर्छ । घाममा राम्ररी सुकाएपछि कपडामा भएको कीटाणु नष्ट हुन्छ । राम्ररी सुकिसकेपछि त्यसलाई स्यानिटरी प्याड जसरी नै पट्याएर प्रयोग गर्न सकिन्छ । कपडाले धेरै रगत सोस्न नसक्ने भएकोले त्यसलाई बेला बेलामा परिवर्तन गर्नको लागि अर्को कपडा पनि साथमा राख्नु पर्ने हुन्छ । प्रयोग गरिसकेको कपडालाई फेरी साबुन पानीले राम्ररी धोएर घाममा सुकाउनु पर्छ । घाममा राम्ररी सुकिसकेपछि त्यसलाई पुन प्रयोग गर्न सकिन्छ । स्यानिटरी प्याड जस्तो एक पटक प्रयोग गरेपछि यसलाई फ्याँक्नु पर्दैन । त्यही कपडालाई पटक पटक प्रयोग गर्न सकिन्छ । तर, त्यसलाई प्रयोग गर्नुअघि राम्ररी सफा भने गर्नु पर्छ ।

**स्यानिटरी प्याड र कपडाको विकल्पमा महिनावारी कप प्रयोग गर्न सकिन्छ**

सबै नेपाली महिलाहरू स्यानिटरी प्याडको पहुँचमा छैनन् । सबै ठाउँमा यो उपलब्ध पनि छैन, यस्तो अवस्थामा महिलाहरूले स्यानिटरी प्याडको विकल्पमा महिनावारी कपको प्रयोग गर्न सक्छन् । अहिले धेरै अनलाइन कम्पनीहरूले महिनावारी कपको डेलिभरी गाउँ गाउँमा पनि गर्दिने भएकोले पहुँचको हिसाबले पनि यो सजिलो उपाय हुन सक्छ ।

महिनावारी कप महँगो छ भनेर पनि यसको प्रयोग गर्न धेरै महिलाहरू डराउने गर्छन् । तर, लामो समय एउटा कपलाई सफा गरेर पटक-पटक प्रयोग गर्न सकिने भएकोले यो प्याड भन्दा निकै किफायती हुन्छ । अहिले धेरै संघ संस्थाहरूले गाउँहरूमा स्यानिटरी प्याड वितरण गरिरहेका हुन्छन् । संघ संस्थाले उपलब्ध गराएको प्याड सकिए पछि महिलाहरूले फेरि कपडा नै प्रयोग गर्नु पर्ने हुन्छ । त्यसको सट्टामा महिनावारी कप वितरण गरियो भने महिलाहरूलाई धेरै सहज हुन्छ । कपलाई एक वर्षसम्म पुन प्रयोग गर्न मिल्ने भएकोले यो किफायती र सजिलो पनि हुन्छ ।

प्याड र कपडाको तुलनामा महिनावारी कप प्रयोग गर्न सजिलो पनि छ । आफूलाई कुन आकारको कप मिल्छ भन्ने कुरा थाहा पाउनु पर्छ । यसबारे चिकित्सक वा बिक्रेतासँग पनि बुझ्न सकिन्छ । कप प्रयोग गर्नुअघि त्यो सफा र सुख्खा हुनुपर्छ । यो कप एकदमै नरम हुने भएकोले कपलाई दोबराएर र योनिभित्र राख्नुपर्छ । त्यसपछि त्यो आफैं खुल्छ र रगत नचुहिने गरी सिल गरेर बस्छ ।

कपलाई सफा गर्न पनि एकदमै सजिलो छ । कपलाई ८ देखि १२ घण्टामा निकालेर खाली गर्नुपर्छ र त्यसलाई पखालेर पुन प्रयोग गर्न सकिन्छ । महिनावारी सकिएपछि ५ देखि १० मिनेट कपलाई तातोपानीमा उमालेर सफा गरेर सुख्खा बनाएर राख्नु पर्छ ।

**साहित्य**

# ल्याङ फ्याङ

व्यंग्य



✍ **शेखर वास्कोटा**

देश विकासको मेरुदण्ड के ? भनेर कसैले सोध्यो भने मान्छेहरु सहकारी.... भन्ने जवाफ सहजै दिन हिच्किचाउँदैनन् ।

आधाभार जंगलमा उम्रेका पट्टे च्याउ जस्तै स्याँउ स्याँउ उम्रेका सहकारी के साँच्चै राष्ट्रको मेरुदण्ड भन्न लायक छ ? सहकारीको सिद्धान्त, नियम कानून के साँच्चै घरघर न्यकारी गाउँगाउँ शहकारीको अवधारणामा आधारित छ त ?

यो सहकारी भनेकै के हो भन्ने कुरा त्यहाँ रकम जम्मा गर्नेलाई पनी पत्तो छैन । रकम जम्मा गऱ्यो एकमुष्ट निकाल्यो यो एउटा सामान्य प्रक्रिया हो । जस्ले जम्मा गरेपनि आखिर पैसा एकमुष्ट आउनी हो । हाम्रो रकमको ब्याज न्यून आउँछ ऋण लिंदा लगभग दोब्बर सहकारीको सिद्धान्त यही हो । एक वर्षमा बैठक भेला गऱ्यो चिया विस्कुट लताऱ्यो पररर ताली पिट्यो खाममा राखेको पाँच सय गोजीमा हाल्यो बैठक खत्तम ।

विभिन्न भ्रमण पनि शहकारीले आयोजना गर्छन् । स्थलगत भ्रमणमा पचासौं पटक तिनै सेरोफेरोका व्यक्ति घुमेको घुमैई । उपलब्धी सुन्य । उपलब्धी भनेको इलाम घुम्न गए चियापत्ती र छुर्पी कोसेली, पोखरा, पाल्पा गए ढाकाका कपडा । सँधै घुम्ने घुमेको घुमेई यो शहकारीको सिद्धान्त यही हो भन्दा घुम्नेहरुले डाडे, आरिशेको आरोप थोपर्छन् । दुनियाँ भरिको खर्च गरेर सँधै तिनै मान्छे घुमेको, भ्रमण गरेको उपलब्धी के ? यो ज्वलन्त प्रश्न हो ।

अहिले यी पट्टे च्याउ जस्ता शहकारी एक से एक धरासाई बन्दै गइराखेका छन्, किन ? यसको कारण के ? दुई चार जना मिले दुई नम्बरी पैसा जम्मा गरे सहकारी खोले । जम्मा भको पैसा घडेरी, प्लटिङमा लगानी गरेर करोडौं लुटे । अहिले बैंकले हलुवा टाइट गऱ्यो, आम्दानीको श्रोत नभई लगानी नगर्ने भन्ने नियम निकाले पछि सहकारीका दलेका हलुवा टाइट । नरम हुनुपर्ने हलुवा टाइट भएपछि पच्नी कुरै भएन ।

अनि पचासौं पल्ट भ्रमणको अनुभव के काम ? खानी घुम्नी रिल्याक्स गर्ने, बैंकले लगानी गरेन खप्पर समाउने रुने बस्ने ।

जे कुराको पनि हद हुन्छ सिमा हुन्छ । कुरै सहकारी साँच्चै सिमा भित्र छन् र टिकेका छन् । तर धेरै जसो ओरियो विस्कुट र काजु किसमिसले खायो । अल्छी तिघ्रो स्वादे जिब्रो । ठगेर मिठो मिठो खाने, दुई नम्बरी गर्ने अरुलाई होच्याउने, मेहेनत गर्न सिकौं । सामाजिक प्राणी बनौं । सहकारीको मुल सिद्धान्तलाई अंगिकार गरौं ।

आफु भलो जगतै भलो ।

# तिर्खा र पोखरी

✍ **मनोज बोगटी**

एफ्रोदाईतको
नग्न फोटो मुन्तिर
लागेको छ आगो ।

त्यो तातेको आनन्दस्थानमा छ
ठूल्ठूलो सास ।

पहाडको रंगहरु बिग्रिएको छ
वर्षा लागेको छ पोखरीमा ।

निभ्दै गैरहेको दुईटा जून छ
अनुहारको रातो आकाशमा ।

निद्रा होईन त्यो पीडा त्यो
सृष्टि कम्पन छ ।
नि:शब्द ओठभिर
चर्को उठेको तिर्खा सल्केको छ ।


दुर्गन्धहरुको सुवास फैलिएको कोठामा
दौडिरहेको छ तरंग
बिजुलीको नांगा तार भएर ।

बत्ति जलेको छैन ।
भित्र ऊ/बाहिर म
ढोका खोलेको छैन ।

वारि तिर्खा
पारि पोखरी
पुल लागेको छैन ।

# बच्चा चोर्ने आइमाई

कथा



✍ **टेकब कोइराला**

रेल आज पनि खचाखच भरिएको छ । जनकपुर-जयनगर रेल सेवा । नेपालको पहिलो र एकमात्र रेल सेवा । यसले बेग्लै किसिमको इतिहास रचिसकेको छ । जुगौंदेखि जनकपुर-जयनगर हजारौं लाखौंपटक ओहोरदोहोर गरेर आफैमा कीर्तिमानी काम गरेको मात्र होइन, यसको अनेकन गुणहरु छन् । यात्रुहरुको सुविधाका लागि गुड्दागुड्दै पनि ओर्लेर 'पाँचमिनेट' गरेर फेरि चढ्न सकिने गरी रफ्तारलाई नियमन गरिदिन्छ । शिशा-पर्दा खोल्ने र बन्द गर्ने झण्झट छैन । चारैतर्फ खुल्ला भएकोले हावा सजिलोसंग 'पास' हुन्छ । वर्षामा पानी पनि 'पास' हुन्छ । टाढैदेखि सजिलै चिन्नको लागि डिब्बाको बोक्राभरि अमूर्त चित्रहरु पोतिएका छन् । चित्रकारहरु तिनै यात्रुहरु हुन् । जसले पान थुकेर, सिँगान पुछेर, उल्टी लत्पत्याएर, नास्ता खाइसकेपछि हात त्यहीं भित्तामा पुछपाछ गरेर आदि अनेक तरिकाबाट श्रमदान गरेकै छन् । रंग लगाउने खर्च जोगाइदिएकै छन् । रेलसेवाबाट कोही बञ्चित हुन नपरोस् भन्ने यो रेलको मुख्य 'मोट्टो' हो झैं लाग्छ । ठाउँ होस् या नहोस् सबैलाई सोहोरेर हिँड्छ । धेरैजसा यात्रुहरु बाठा छन्, जो अभ्यस्त छन् । उनीहरु यात्रालाई 'कम्फर्टेवल' बनाउन चाहन्छन् । 'कम्फर्टेवल' बनाउन सिट बाहेकका स्थानहरु पहिले नै ओगटिहाल्नुपर्छ । भुँई, भित्ता, सिटमुनि, सिटमाथि, झ्याल, ढोका, छत यी ठाउँहरु बडो मुस्किलले मात्र पाइन्छ । यस्ता ठाउँमा बस्न पाए टाढाटाढासम्म दृश्यावलोकन गर्न सकिन्छ । सिकारु यात्रुहरु चाहीं 'सिट' ओगट्छन्, जसले झन बढी सास्ती पाउँछन् । यो रेल मान्छे र माल दुवैको वाहक हो । झोला-झ्याम्टा, पोका-पुन्तुरा, थुन्से, टोकरी, साइकल, हाँस-कुखुरा, सुँगुर-बाख्रा यी यावत जीव-निर्जीव वस्तुहरुले पनि यात्रामा साथ दिइरहेकै हुन्छन् । कोलाहलमय जात्रा झैं लाग्छ, यो रेलयात्रा ।

त्यसदिन जयनगरबाट हिँडेको रेल जनकपुर आइपुग्नै लाग्दा अचानक भयंकर आवाजमा पड्क्यो 'धडाम्म.....!' डिब्बाहरु उचालिएर थेचारिएझैं भयो । झ्याल, ढोका, डण्डी, छततिर 'कम्फर्टेवल' मानेर बसेका यात्रुहरु सबै भुँइमा पोखिए । कोही ऐया-आत्था गरिरहेछन्, कोही बेहोस भए, कोही आ-आफ्नो सामानको अवस्था बुझ्नपट्टि लागे । कोही घाइते आफन्तलाई बचाउने मेसोमा लागे । आमै र बाबै, च्याहाँ र चित्कार यत्रतत्र सुनिन थाल्यो । भागदौड मच्चियो । यस क्रममा कोही लड्दैछन्, कोही फेरि उठेर दौडदैछन् । वातावरण सन्त्रस्त बन्यो । के भएको हो कसैले ठम्याउन सकिरहेका थिएनन् । 'बम पड्क्यो, बम !' कोही कराउँदैछ । 'फिर भि फट्सक्ता है, भागो, भागो ...!' अर्को चिच्याउँदै दगुऱ्यो । 'मरलौं गे माई...!' (म मरें आमा ...!) दगुर्न नसकेका घाइतेहरु छटपटाउँदै कोकोहोलो मच्चाउदै थिए । 'बचाओ....! बचाओ...!' कोही घाइतेहरुले गुहार मागिरहेका थिए ।

सिलिण्डर बम पड्केको डिब्बाभन्दा पछिल्लो डिब्बामा बसेर आएकी मरनीदेवीको पनि टाउको ठोक्किएछ । मसार्दैछे । टुटुल्को नै उठेछ नि । सिटहरुको बिच खोल्सोमा बसेकी थिई । लगाएको कपडा आधा शरीरमा, आधाजसो भुँइमा पस्रिरहेको थियो । बिष्फोटको आवाजले भित्र बसेका यात्रुहरु पनि ज्यान जोगाउनतर्फ लागे । भागदौड मच्चियो । भागदौड र तँछाडमछाडमा मरनीदेवीलाई झन बढी घच्च लाग्यो । धोती गएर उप्किएको टिना पातामा अल्झिकएछ । तान्दा च्यातिएर दुइटा धोती बन्यो । चप्पलको त ठेगानै छैन । धुलोले गर्दा आँफैलाई नचिन्ने भइसकेकी छ । पोको ल्याएकी थिई, क-कसले फुटबल खेल्यो, कहाँ पुग्यो खोज्ने होशै भएन । सबै भागदौडमा लागेकोले ऊ पनि त्यसै गर्न लागी । भूईंमा कैयौं यात्रुहरुको दूदर्शा देखेर ऊ आत्तिई । धन्न आफू सकुशल भएकोमा आफूलाई भाग्यमानी ठानी । एकमन त खुशी पनि भई । रेलबाट ओर्लनासाथ फटाफट भाग्न लागी ।

मरनीदेवी अहिले त्यसै त्यसै बेपर्वाहसंग भागिरहेकी छ, तर्केको भैंसी झैं । ऊ एउटा दोबाटोमा पुगेर पूर्वतर्फको बाटो लागी । मानिसहरुको चहलपहल छ । तर त्यहीं पर भएको त्यत्रो घटनाको बारेमा बेखवरझैं देखिन्छन् ती मानिसहरु । सबै आ-आफ्नै धन्दा ध्याउन्नमा छन् । 'कसैलाई भनिदिन पाए उद्धारकार्यमा जमघट हुन्थे कि ।' उसलाई मनमनै खसखस लागेको थियो । 'आ....! अपरिचित ठाउँमा....अपरिचित मान्छे ....., एकछिनपछि त थाहा पाइहाल्लान नि ।' उसले घटनाको बारेमा फुकिहिँड्न उचित ठानिन । '....मुक्ति मोर्चाले सिलिण्डर बम पड्काएको रे ...!' बजार छेउ पुग्दै गर्दा कसैले आपसमा कुरा गरेको सुनी उसले । कुन्नी के मुक्ति मोर्चा भन्थ्यो ठम्याउन सकिन । जे होस् यी मानिसहरुलाई पनि घटनाको बारेमा थाहा त रहेछ । उसले मनमनै पक्का ठहराई । तैपनि ती मानिसहरुमा कुनै संवेदना छैन, सदाशयता छैन । दूर्घटनाका पीडितहरुलाई उद्धार गर्नुपर्ने भावना कसैको अनुहारमा पनि बिम्वित देखिएन । उसलाई अचम्म लाग्यो । मन अमिल्याई एकछिन् । आफ्नो रफ्तार अझ तिब्र पारी । अर्को दोबाटो पार गरी । मरनीदेवी मुलबाटो पहिल्याउने ध्याउन्नमा छे । उसले चिनेको बाटो पहिल्याउन उसलाई गाह्रो परिरहेको छ । ऊ अन्दाजकै भरमा दौडिरहेकी छे ।

मरनीदेवी धुस्रैफुस्रै बहुलाही झैं देखिन्छे । विहान कोरेको कपाल अहिले जगल्टाजस्तो भइसक्यो । शरीरको कपडा असरल्लै छ । त्यही पनि अघि रेलमा च्यातिएर अर्धानो भइसक्यो । पसिना र धुलोको मिश्रणले उसको अनुहार बिरुप भएको छ । सरसामानको पोको उतै छुट्यो । उसले बल्ल पोको सम्झी । 'पोकोभन्दा त ज्यानै ठूलो...' उसले आफैलाई सान्त्वना दिई । अव त एकछिन हिँडेरै पनि पुगिहालिन्छ, त्यसैले रिक्सा चढ्न आवश्यक पनि ठानिन उसले । अपरिचित बाटोहरु धेरै हिँडिसकेपछि ग्रामीण बस्ती आइपुग्यो । सडकको दुवै किनारामा मसिना झुपडीहरु । यहाँ भने मानिसहरु छिटोछिटो भागदौड गरिरहेको देखी मरनीदेवीले । 'अघिको घटनाको पीडितहरु होलान्' उसले मनमनै अड्कल काटी । 'घाइते आफन्त ल्याएछन् क्यारे, त्यसैको चहलपहल होला ।'

अगाडि अलि पर मान्छेको बाक्लै भिडभाड देखी मरनीदेवीले । कोही लाठीमुंग्री उजाइरहेका थिए । कोही कसैलाई चुटिरहेका थिए । 'हान्... हान्...!, मार... मार....!' सबैजसोले यस्तै आवाज निकालिरहेका थिए । ऊ भिडको नजिकै पुगी । भिडले दुई तीन जना मगन्तेजस्ता, बहुलाईजस्ता आइमाइहरुलाई कुट्दै थिए । 'आइग लगाऊ, झरका क मारु एकरा...!' (आगो लगाइदे, जलाएर मारिदे यिनीहरुलाई...) भिडबाट आवाज आयो । मरणासन्न मगन्तेजस्ताहरुलाई आगोमा पोल्ने सुर गर्दै थियो भिडले । कोही आगो ल्याउँदै थिए, कोही पराल जम्मा गर्दैथिए । मरनीदेवीले अघिको भन्दा झन ठूलो दूर्दान्त घटना घटिरहेको अड्कल काटी ।

बाघ देखेर भाग्न लागेको मृगको पाठो झैं भई मरनीदेवी । 'हुलमुलमा जिउ जोगाउनु.....' उसले बुढापाकाको कथनी सम्झी । दगुर्न खोज्छे । गोडाहरु लटपटिएर पटक्कै दगुर्न सकिरहेकी छैन । भिडको केही मान्छेहरुले उसको यस्तो अस्वाभाविक क्रियाक्लाप नियाँलिरहेको थियो । भिडको ध्यान उसैतर्फ तानियो । अव त्यो भिड उसैतर्फ खनिन थाल्यो । 'ए... ई सेहो बच्चा चोर जका लगैछै...... पकरु .... पकरु....!' (ए... यो पनि बच्चा चोर्नी जस्तो छ.... समात्... समात्..!) भिड झन उत्तेजित हुँदै उसको पछि पछि आउँदैछ । ऊ झन बेतोडले भाग्दैछे । मलाई किन लखेट्दैछन्, उसले कारण बुझ्न सकिरहेकी छैन । अघि च्यातिएको धोती फुस्किएर भुईंमा लत्रिँदै गयो । अपरिचित आइमाई, त्यही माथि यस्तो गतिछाडा लवाईले गर्दा भिडले पनि 'बच्चा अपहरण गर्ने आइमाइ नै हो' भन्ने ठान्यो । आखिर बलवान बाघको अगाडि मृगको पाठोको के जोर चल्थ्यो । मानसिक र शारीरिक थकाईले शिथिल बनिसकेकी मरनीदेवीलाई भिडले झ्याप्पै समात्यो । दुईचार थप्पड हिर्कायो ।

'हमरा किया मार रहलछी ?' (मलाई किन कुटेको ?) पिटाइ खानपर्नाको कारण बुझ्न खोजेकी छे, तर भिडले उसको कुरा सुनैकै छैन ।

'तों ही छी ना बच्चा चोर्नी ?' (तैं हैन बच्चा चोर्नी ? लौ खा !') भिडले लात्तीले र मुड्कीले हान्न थाल्यो ।

'हम बच्चा चोर्नी नईं छी ... हम बच्चा चोर्नी नई छी ।' (म बच्चा चोर्नी होइन... म बच्चा चोर्नी होइन) मरनीदेवी रुँदै हात जोडिरहेकी छ ।

'रुको ...!' (पख्) भिडको नाइकेजस्तोले एक्कासी आदेश दियो । भिडले कुट्न छोड्यो ।

'ई त अप्पने भाषामें बाजै छै, ई बच्चा चोर्नी नई भ सकै छै ।' (यो त हाम्रै भाषामा बोलिरहेकी छे, बच्चा चोर्नी होइनहोला) नाइके फेरि बोल्यो ।

'पुछही त ई के छै!' (यो को रहिछे सोध त) अर्को उपनाइके जस्तोले बोल्यो ।

'ए माई ! कत स आवि रहल छी ?' (ए आमा ! कहाँबाट आयौ ?) नाइकेले केर्न थाल्यो ।

'हम मधुबनी स आवि रहल छी ।' (म मधुवनीबाट आएको) मरनीदेवी अत्तालिँदै बोली ।

'कत जाएके अछि ?' (अनि कता जाने त ?) भिडबाट अर्को कसैले सोध्यो । भिड त्यसै त्यसै सनसनाउँदै तिखातिखा आँखाले उसलाई हेरिरहेछन् ।

'हम बेटी स भेंट करैला जाइत छी, ओकर मरद नोकरीके लेल मलासीमे गेलछै, दू तीन महिना स कौनो खवर नई अछि, किछ खवर भेटल कि नईं सेहि पता करै के लेल समधी के पास जा पडतै सोचि क जा रहलछलहुँ । हम कोनो चोर वोर नईं छी । हमरा छोड़दिअ ।' म छोरी भेट्न जान लागेको । उसको श्रीमान नोकरी गर्न मलेसिया गएका, दुई तीन महिनादेखि कुनै खवर आएको छैन रे । केही खवर आयो कि सम्धीहरुलाई सोधौं भनेर जान लागेकी । म कुनै चोर सोर होइन, मलाई छोडिदेऊ) थरथराउँदै मरनीदेवीले बेलिबिस्तार लगाई ।

'कत छै बेटी के घर ?' (कहाँ हो छोरीको घर ?)

'पोर्ताहा मे छै ।' (पोर्ताहामा ।)

'समधीके नाम कि छै ?' (सम्धिको नाम के हो नी ?)

'जदोलाल महतो ।'

भिडमा केही खलबल भयो । छलफल गरेझैं पनि गरे । जदोलाल नामको व्यक्ति पोर्ताहामा छ भन्ने भिडले ठम्याएपछि उसलाई छाडिदियो । मरनीदेवीले राहतको सास फेरी । ऊ खोच्याउँदै छोरीको घर खोज्दै गई । पछाडि परालको चिता दन्किरहेकै थियो । परालको चितामा जिउँदै जलेर मर्नबाट जोगिएकोले फेरि एकपल्ट खुशी भई मरनीदेवी ।

# २३ अर्ब राजस्व नतिरी लाइसेन्स जोगाउने दाउमा स्मार्ट टेलिकम




काठमाडौं/स्मार्ट टेलिकम प्रालिले लाइसेन्स दस्तुर नतिरी आफ्नो आधारभूत टेलिफोन सेवाको लाइन्सेन्स जोगाउन राजनीतिक संरक्षणको खोजी थालेको छ । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा कम्पनीले निवेदन दिएको छ ।

कम्पनीले तत्काल लाइसेन्स खारेजी रोक्ने गरी सरकार सँग सुविधा माग गरेको छ । लाइसेन्स खारेजी रोकेर फेरि किस्ताबन्दीमा नवीकरण दस्तुर तिर्ने सुविधा लिने कम्पनीको दाउ छ ।

आगामी २ वैशाखमा स्मार्टको लाइसेन्सको म्याद सकिँदैछ । लाल साहु डिस्ट्रिब्युटर प्रालि सिंगापुरको ७० तथा जिल्याटको १० प्रतिशत सहित सचिनलाल आचार्यको स्क्वायर नेटवर्क प्रालिको २० प्रतिशत सेयर रहेको कम्पनी हो ।

नियमअनुसार ३ महिना अघि नै नवीकरणको दस्तुरसहित नेपाल दूरसञ्चार प्राधिकरणमा निवेदन दिनुपर्ने व्यवस्था छ । स्मार्टले नवीकरण दस्तुरका रुपमा मात्रै कुल २० अर्ब, १३ करोड २७ लाख ५० हजार रुपैयाँ तिर्नुपर्ने हुन्छ ।

लाइसेन्स लिएको वर्षदेखि नै तोकिएअनुसार नवीकरण दस्तुर तिर्दै जानुपर्ने व्यवस्था छ । १० वर्षमा करिब ७ अर्ब नवीकरण दस्तुर तिरिसकिने र अनुमति नवीकरणका बेला करिब १३ अर्ब रुपैयाँ तिरे पुग्ने व्यवस्था छ । तर, अहिलेसम्म स्मार्टले नवीकरण दस्तुरसहित विभिन्न शीर्षकमा ७५ करोड रुपैयाँ राजस्व मात्रै तिरेको छ ।

एकैपटक २० अर्बभन्दा बढी शुल्क तिर्नुपर्ने भएकाले स्मार्टले नवीकरण गर्नतर्फ भन्दा खारेजी रोक्न दौडधुप गरिरहेको प्राधिकरणका अधिकारीहरु बताउँछन् । यसैकारण विभिन्न माग राखेर स्मार्टको टोली नै गत साता मन्त्रालयमै पुगेको थियो । स्मार्टले राखेको माग प्राधिकरणको कार्यक्षेत्रभित्रको विषय भएको भन्दै मन्त्रालयबाट दूरसञ्चार प्राधिकरणमा एक पत्र पुगेको स्रोतको दाबी छ ।

२ वैशाखमा स्मार्टले लाइसेन्स पाएको १० वर्ष पुग्दैछ, नियमअनुसार १० वर्षमा लाइसेन्सको नवीकरण गर्न मोबाइल सेवा प्रदायक कम्पनीले २० अर्ब रुपैयाँभन्दा बढी तिर्नुपर्छ । सार्वजनिक विदाका कारण ३ वैशाखसम्म लाइसेन्स नवीकरणका लागि प्राधिकरणमा विलम्बको जरिवाना र नवीकरण दस्तुरसहित लाइसेन्स नवीकरणको निवेदन दिन सक्ने अवस्था छ ।

तर, २० अर्बको दस्तुर तिर्न नसकिने भन्दै कम्पनीले लाइसेन्स जोगाउन मन्त्रालयमा निवेदन दर्ता गराएर राजनीतिक लबिइङ तीब्र पारेको छ । मन्त्रिपरिषदबाट लाइसेन्स दस्तुरबारे विशेष निर्णय गराएर तत्काललाई खारेजी टार्ने योजना स्मार्टको छ ।

स्मार्ट यसअघिदेखि नै आफूले तिर्नुपर्ने राजस्व र दस्तुर नतिरी अटेरी गरेर बसेको थियो । फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, नवीकरण बापतको किस्ता, ग्रामीण दूरसञ्चार विकास कोष दस्तुरलगायत राजस्व समयमै नतिरेपछि पुस २०७८ देखि स्मार्ट टेलिकमको लाइसेन्स खारेज गर्न प्रक्रिया अघि बढाएको थियो । स्मार्टले दस्तुर तिर्ने भन्दा पनि यस अघिजस्तै लाइसेन्स जोगाउने गरी अनेक बाहानाबाजी गरिरहेको छ ।

नवीकरण दस्तुरसहितको राजस्व समयमै नतिरेपछि १३ भदौ २०७६ मा पनि प्राधिकरणले स्मार्ट टेलिकमको लाइसेन्स खारेज गर्ने निर्णय गरेको थियो । तर, २१ पुस, २०७६ को मन्त्रिपरिषद बैठकले ५ वटा किस्ताबन्दीमा बक्यौता रकम तिर्ने सुविधा दिनेगरी खारेजीको निर्णय बदर गरेको थियो । सरकारले २०७७ असार मसान्तसम्म बाँकी बक्यौताको पहिलो किस्ता तिर्न र बाँकी ४ किस्ता प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म तिर्न सुविधा दिएको थियो ।

मन्त्रिपरिषदले फ्रिक्वेन्सी दस्तुरवापत पहिलो पटकमा ५९ करोड ८८ लाख, दोस्रोमा ८३ करोड २३ लाख, तेस्रोमा ७७ करोड ४० लाख, चौथोमा ७१ करोड ५६ लाख र पाँचौं किस्तामा ६५ करोड ७२ लाख रुपैयाँ बुझाउनुपर्ने गरी लाइसेन्स जोगाइदिएको थियो । स्मार्टको आग्रहमा मन्त्रिपरिषदले त्यसपछि २९ भदौ २०७७ मा ६ महिना म्याद पनि थपिदिएको थियो । १ चैत २०७७ र २८ असार २०७८मा पनि थप म्याद दिइएको थियो ।

किस्ता तिर्नुको साटो स्मार्टले पुस २०७८ सम्मको बक्यौता तिर्नुको साटो कम्पनीले महामारीको कारण देखाएर थप एक वर्ष म्याद थप्न निवेदन दिएको थियो । पुस २०७६ यता स्मार्टले करिब ७५ करोड रुपैयाँ मात्रै राजस्व तिरेको छ । यसअनुसार अब २० अर्बको लाइसेन्स नवीकरण दस्तुर समेत जोड्दा स्मार्टले तिर्नुपर्ने राजस्व करिब २३ अर्बमा पुगेको अनुमान छ ।

एकैपटक यत्रो रकम समस्या पर्ने भन्दै सरकारसँग स्मार्टले अब किस्ताबन्दीकै सुविधा मागेर लाइसेन्स जोगाउन सक्ने अधिकारीहरुको अनुमान छ । नेपाल टेलिकमले यस्तै नवीकरणबापतको दस्तुर ५ किस्तामा बुझाउने सुविधा पाइरहेकाले स्मार्ट टेलिकम पनि त्यही सुविधाको आस गरेर लाइसेन्स जोगाउन कसरतमा लागिसकेको छ ।

९०० मेगाहर्ज ब्यान्डमा ३५ मेगाहर्ज ब्यान्डविथमध्ये स्मार्ट टेलिकमलाई ५ मेगाहर्ज ब्यान्डविथ प्रयोगको अनुमति छ । लाइसेन्ससँगै यो फ्रिक्वेन्सी पनि खोसिने भएकाले स्मार्ट राजनीतिक आड लिएर विगतकै शैलीबाट लाइसेन्स जोगाउन अग्रसर छ । प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल ३ वैशाखसम्म नवीकरण दस्तुर र १५ प्रतिशत जरिवानासहित निवेदन लिएर आएमा स्मार्टको लाइसेन्स नवीकरण हुने बताउँछन् । 'कानुन अनुसार नै सबै कुरा हुन्छ,' उनले भने,'यदि कानुनअनुसार निवेदन आएन भने दूरसञ्चार सेवाप्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली २०७९अनुसार प्रक्रिया अघि बढेर लाइसेन्स खारेज हुन्छ ।' स्मार्ट खारेज हुने अवस्था देखिएपछि सरकारले भविष्यमा पर्नसक्ने अड्चनलाई ध्यानमा राखेर दूरसञ्चार सेवाप्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली जारी गरिसकेको छ ।

यसअनुसार लाइसेन्स खारेजीपछि स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, प्रणाली दूरसञ्चार प्राधिकरणको नियन्त्रणमा आउनेछ । सरकारले मूल्य निर्धारण समिति गठन गरेर त्यसता सम्पत्ति न्युनतम् मूल्य तोक्नेछ ।

यस्तो सम्पत्ति लिलाम बढाबढको माध्यमबाट बिक्री गर्न सकिनेछ । सम्पत्ति भन्दा दायित्व बढी रहेको अवस्थामा कूल दायित्वलाई न्यूनतम् बोलपत्र अंक कायम गर्ने व्यवस्था छ । लिलाम सकार्ने कम्पनीले नयाँ अनुमतिपत्र पाउनेछ । खारेज हुने कम्पनीको सम्पत्ति सञ्चालनमा रहेको सेवा र ग्राहक उसैलाई हस्तान्तरण हुनेछ ।

लिलाम हुन नसके खारेज हुने कम्पनीको ऋण र दायित्व बोक्न तयार हुनेलाई अनुमपतिपत्र दिने व्यवस्था छ । यस्ता प्रयास असफल भएमा अनुमतिपत्र खारेज भएर फ्रिक्वेन्सी स्वत: प्राधिकरणको स्वामित्वमा आउनेछ । 'खारेज हुने टेलिकम कम्पनीको सम्पत्ति व्यवस्थापनका लागि कानुनअनुसार समिति बनिसकेको छ,' प्राधिकरणका प्रवक्ता पौडेलले भने,'स्मार्टले नियमअनुसार नवीकरण नगरेर उसेले काम अघि बढाउँछ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदी पनि सबै कुरा कानुनअनुसार नै हुने बताउँछन् । प्राधिकरणले यसबारे निर्णय गर्ने भन्दै उनले अहिलेको अवस्थामा तोकिएको दस्तुर तिरेर स्मार्टले नवीकरण नगरेर लाइसेन्स खारेज हुने अवस्था रहेको उनले बताए । 'स्मार्टले लाइसेन्सको अवधि सकिने बेलामा कुनै उपाय खोज्नु नाजायज हैन,' उनले भने, 'तर, कानुनले उसले चाहेजस्तो सुविधा दिँदैन ।'

*(साभार: अनलाइनखबर)*

# 'छक्का पन्जा ४'ले 'कबड्डी ४'को रेकर्ड तोड्दै ५१ दिन मनाउला ?




काठमाडौं/फिल्मको हकमा प्रदर्शनको ५१औं दिन सफलताको मानक मानिन्छ । रिलबाट फिल्म खिच्ने जमानामा प्रदर्शनको ५१औं र सय दिन सामान्य मानिने गरिएको भए पनि डिजिटल युगसँगै यसको बेग्लै अस्तित्व र महत्त्व छ । स्वदेशी र विदेशी फिल्मको चुनौतीलाई झेल्दै ५१औं दिन मनाउनु आफैंमा महाभारतको युद्ध हो । यो युद्धमा यस वर्ष दुई फिल्म 'कबड्डी ४' र 'महापुरुष'ले सफलता पाए ।

अब ५१औं दिने यात्रामा गत फागुन १९ गतेबाट प्रदर्शनमा आएको फिल्म 'छक्का पन्जा ४' छ । शुक्रबारबाट छैठौं हप्तामा प्रदर्शन सुरु गरेको फिलमले अझै पनि मल्टीप्लेक्सहरुमा राम्रो शो पाइरहेको छ भने सिंगल थिएटर पनि धेरै गुमाएको छैन । यसको एउटै मात्र कारण हो, फिल्म हेर्ने दर्शकको चाप घटेको छैन । बिना विदामा समेत फिल्मको अकुपेन्सी ४० प्रतिशतभन्दा माथि छ ।

एकसाथ भिडेको 'छड्के २'ले दुई दिनमै हलमा दम तोड्नु, त्यसपछि प्रदर्शनमा आएका नेपाली फिल्म कमजोर निस्कनु र विदेशी फिल्मप्रति समेत दर्शक आकर्षित नहुँदा हलमा 'छक्का पन्जा ४'को उपस्थिति बलियो बनेको हो । अब यो फिल्मलाई डर भनेको आगामी हप्ता प्रदर्शनमा आउन लागेका चार नेपाली फिल्म हुन् । किनकी, बैशाख १ गतेका सबै फिल्म दर्शकमाझ प्रतिक्षीत छन् ।

'छक्का पन्जा ४'लाई ठूलो चुनौती 'कबड्डी ४'को २२ करोडको रेकर्ड तोड्दै प्रदर्शनको ५१औं दिन मनाउनु मानिएको छ । वितरक मनोज राठीले तीन हप्तामा फिल्मले १८ करोड कमाएको दाबी गरेका थिए । तर, त्यसपछि कलेक्सन खुलाइएको छैन । के 'कबड्डी ४'को रेकर्ड तोडिन सम्भव छ ? भन्ने प्रश्नमा राठीले अर्को हप्ता कलेक्सन रिपोर्ट सार्वजनिक गर्ने भन्दै अहिले केही नबोल्ने बताए ।

'कबड्डी' र 'छक्का पन्जा' समुहबीच एकखालको शितयुद्ध छ । देखावटी राम्रो सम्बन्ध भए पनि वास्तविकता ठीक विपरित छ । यी दुई समुहबीच फिल्मको व्यापारलाई लिएर सधैं प्रतिस्पर्धा हुने गरेको छ । यसैले 'छक्का पन्जा' समुहलाई 'कबड्डी ४'को ऐतिहासिक रेकर्ड तोडेर सर्वाधिक कमाई गर्ने पहिलो फिल्मको इतिहास बनाउनु पर्ने दबाब छ । ५१औं दिन त घिस्रिएर भए पनि पुग्न सक्छ ।

# हल नभएका गण्डकी प्रदेशका पाँच जिल्लामा बोर्डको घुम्ती सिनेमा कार्यक्रम

काठमाडौं/पूर्वी नेपालका पहाडी जिल्लापछि चलचित्र विकास बोर्डले गण्डकी प्रदेशका गोरखा, लमजुङ, कास्की, पर्वत र बाग्लुङ जिल्लामा घुम्ती सिनेमा तथा सिनेमा साक्षरता अभियान कार्यक्रम सञ्चालन गरेको छ । यही चैत्र १२ देखि २० गतेसम्म हलको सुविधा नभएका ती जिल्लाहरुका विभिन्न विद्यालयको भवन, सामुदायिक भवन, क्लब एवं खुल्ला स्थानहरुमा नेपाली फिल्म प्रदर्शन गरिएको थियो ।

उक्त कार्यक्रममा स्थानीय विद्यालयका शिक्षक, विद्यार्थी तथा अभिभावकहरुको उपस्थिति थियो । फिल्मका बारेमा जागरण ल्याउन राष्ट्रिय चलचित्र पुरस्कार, विशेष चलचित्र पुरस्कार तथा विभिन्न पुरस्कारबाट पुरस्कृत भएका शिक्षामूलक, सन्देशमूलक, सामाजिक कथामा बनेका फिल्महरू देखाउँदै नेपाली फिल्म हेर्नका लागि प्रोत्साहन गर्ने लगायतका विषयमा छलफल समेत गरिएको थियो ।

गण्डकी प्रदेशका पाँच जिल्लामा भएको कार्यक्रममा फिल्म 'अग्नीदहन'का निर्माता कोविदशरण उपाध्याय, चलचित्र विकास बोर्ड अन्तर्गत आदिवासी जनजाति प्रवर्द्धन समितिका सदस्य बिरवल घले र निर्माता आत्रेयलगायतले घुम्ती सिनेमाको बारेमा प्रकाश पारेका थिए भने बोर्डको तर्फबाट अभियानका बारेमा चलचित्र विकास बोर्डका अधिकृत गिरीश शर्माले जानकारी गराएका थिए ।

गण्डकी प्रदेशका १० वटा ठाउँहरूमा घुम्ती सिनेमामार्फत नेपाली फिल्म 'ऐना झ्यालको पुतली', 'आमा', 'पचे गोरे' (गुरुङ भाषा), 'गोपी', 'अग्निदहन' र वृत्तचित्र 'ग्रेटर नेपाल' प्रदर्शन गरिएको थियो । सातवटै प्रदेशमा हलको सुविधा नभएका वडा, गाउँपालिका, नगरपालिका, टोल बस्तीहरुमा राष्ट्रियतामाथि निर्माण भएका तथा विशेष प्रकारका फिल्महरु प्रदर्शन गरिने बोर्डले जनाएको छ ।

# प्रत्यक्ष वैदेशिक लगानी कोभिडकालमा भन्दा पनि निराशाजनक

काठमाडौं/चालु आर्थिक वर्षको फागुन महिनामा उद्योग विभागमा वैदेशिक लगानीका उद्योग दर्ताका लागि जम्मा १५ वटा प्रस्ताव आयो । जसमा साना उद्योगमा १३, मध्यमखाले उद्योगमा जम्मा एक र ठूला उद्योगमा पनि एउटा मात्र लगानी प्रस्ताव भयो । प्रस्तावित लगानीको कुल रकम १ अर्ब ९२ करोड ९० लाख रुपैयाँ छ । उक्त लगानीबाट ८८३ जनालाई रोजगारी सृजना हुन्छ ।

आर्थिक वर्षको सुरुवातसँगै ओरालो लागेको विदेशी लगानी प्राप्ति २३ चैत आइपुग्दा जम्मा २७ अर्ब ७७ करोड रुपैयाँमा सीमित छ । जुन गत आवको समीक्षा अवधिको तुलनामा ६ अर्ब रुपैयाँ कम हो । गत वर्ष चैत मसान्तसम्म विभागमा १५५ वटा उद्योगका लागि ३३ अर्ब ४२ करोड रुपैयाँ बराबर लगानी प्रतिबद्धता आएको थियो । जसबाट ९ हजार २५६ जनालाई रोजगारी दिने भनिएको थियो ।

विदेशी लगानी प्रतिबद्धता किन घटेको भन्ने प्रश्न पूरा हुँदा नहुँदै उद्योग विभागकी सूचना अधिकारी रमिला भण्डारीले भनिन्, 'समग्र औद्योगिक चाल नै रोकिएजस्तो भएको छ । विभाग पनि सुनसान छ । कोरोना महामारीपछि विश्व नै मन्दीमा जाँदाको असर अहिले हाम्रो लगानी र औद्योगिक क्षेत्रमा देखिएको छ।' अहिले विभागमा लगानी भित्र्याउने विषय त परको कुरा सोधखोजका लागि आउने समेत सारै न्यून छन् । कोरोना महामारीको वर्ष २०७७-७८ मा विभागमा १४२ उद्योगका लागि २६ अर्ब १४ करोड हारहारी लगानी प्रतिबद्धता आएको थियो ।

**उद्योग विभाग**

नेपाल राष्ट्र बैंकको तथ्याङ्कले विदेशी लगानीको शिथिलता थप पुष्टि गर्छ । विदेशी लगानी प्रतिबद्धतामा मात्रै नभई नगदमा लगानी भित्रिने क्रममा पनि निकै घटेको राष्ट्र बैंकले जनाएको छ । माघसम्म नेपाल भित्रिएको खुद विदेशी लगानी पछिल्लो चार आर्थिक वर्षकै सबभन्दा कम छ । माघसम्म केन्द्रीय बैंकबाट नेपालमा भित्रिएको प्रत्यक्ष वैदेशिक लगानी करिब १० करोड रुपैयाँ (७ लाख ७० हजार डलर) मात्रै भित्रिएको छ । जबकि गत वर्षको समीक्षा अवधिमा करिब १ अर्ब रुपैयाँ (७८ लाख ६० हजार डलर) प्रत्यक्ष वैदेशिक लगानी नेपाल भित्रिएको थियो ।

माघसम्म करिब कुल प्रत्यक्ष वैदेशिक लगानी २१ करोड (२१ लाख डलर) भित्रिएको थियो तर मुलुकबाट बाहिरिने लगानी यस अवधिमा करिब १४ लाख २० हजार डलर वृद्धि हुँदा कुल प्रत्यक्ष वैदेशिक लगानी खुम्चिएको केन्द्रीय बैंकले जनाएको छ । चालु आर्थिक वर्षको ७ महिनामा बैंकमा भित्रिएको खुद वैदेशिक लगानी समीक्षा अवधिको तुलनामा ९४.३ प्रतिशतले कम हो ।

**किन प्रभावित भयो विदेशी लगानी ?**

कुनै बेला निकै आकर्षक ढंगले विदेशी लगानी भित्रिएको सिमेन्ट उद्योग क्षेत्र यतिबेला आफैं संकटमा छ । बजारमा मागको कमि र निर्यात हुन नसक्दा सिमेन्ट उद्योगीहरू ठूलो मर्कामा परेको नेपाल सिमेन्ट उत्पादक संघको भनाइ छ ।

संघका अध्यक्ष ध्रुवराज थापाका अनुसार भएका उद्योग नै १० प्रतिशत भन्दा कम क्षमतामा चल्नुले नेपालमा लगानीको वातावरणलाई झल्काउँछ । आर्थिक मन्दी, अस्वस्थ प्रतिस्पर्धा, हचुवा लगानी जस्ता कारणले सिमेन्ट क्षेत्र समस्यामा परेको उनले बताए । 'वातावरण नै प्रतिकूल भएपछि लगानी स्वत: प्रभावित हुन्छ', थापाले भने । पूर्वउद्योग सचिव चन्द्र घिमिरे प्रत्यक्ष लगानीमा आएको संकुचन नेपालको मात्रै नभएको बताउँछन् । नेपालमा चाहिं अपेक्षित लगानी नभित्रिनुमा उनी चार प्रमुख कारण देख्छन् ।

'नेपालले घरभित्रको समस्या सल्टाउन र संरचनाहरूको पुनर्संरचना गर्न सकेको छैन' उनी भन्छन्, 'त्यसबाहेक हाम्रो लगानी नीति छिमेकी देशहरूको तुलनामा संकुचित र कानुन कार्यान्वयन निकै कमजोर छ ।' यी चार कारणले गर्दा लगानीकर्ताका लागि अनुमानित लाभको वातावरण नै नबन्ने पूर्वसचिव घिमिरे बताउँछन् । 'यस्तो अवस्थामा ल्याउँछु भनेको लगानी पनि आउँदैन' उनी भन्छन्, 'सरकार र लगानीसँग जोडिने संस्थाहरूमा बारम्बार हुने परिवर्तनले लगानी नआउने जोखिम झनै बढाएको छ ।'

उद्योग सचिव डा. तोयानारायण ज्ञवाली अहिले लगानी गरेबापत प्रतिफल निश्चित हुन्छ भन्ने सुनिश्चितता नभएको स्वीकार्छन् । लगानीका लागि राजनीतिक स्थिरता, लगानीमैत्री वातावरण, बजारको सुनिश्चितता, प्रतिफलयुक्त श्रम आदिको ग्यारेन्टी हुनुपर्ने उनले बताए । उद्योग विभागका महानिर्देशक रामचन्द्र तिवारी भने वैदेशिक लगानी प्रभावित हुनुमा विश्वव्यापी मन्दीलाई पहिलो कारण मान्छन् । *(अनलाइनखबरबाट)*

# दयाहाङलाई प्रकृतिसँग मायाको बिहे पास गर्ने इच्छा


काठमाडौं/नयाँ वर्षको अवसर पारेर बैशाख १ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'बिहे पास'को शीर्ष गीत सार्वजनिक गरिएको छ । शुक्रबार युट्युब रिलिज गरिएको 'मायाको बिहे पास' बोलको रोमान्टिक थिमको गीतमा प्रताप दासको स्वर, विष्णु भण्डारीको शब्द रचना र सरोज पोखरेलको संगीत छ । गीतले फिल्मका मुख्य अभिनेता दयाहाङ राई र अभिनेत्री प्रकृति श्रेष्ठबीचको प्रेमभाव बोलेको छ ।

प्रवेश पौडेलद्वारा निर्देशित फिल्मको प्रस्तुतकर्तामा रोहित कटेल र कार्यकारी निर्मातामा रत्न श्रेष्ठ छन् । फिल्मलाई पनि उनीहरुले नै वितरण गर्दैछन् । शिव ढकालको छायांकन र रामजी लामिछानको कोरियोग्राफी रहेको फिल्मलाई मित्र गुरुङले सम्पादन गरेका हुन् । फिल्मका लागि मर्रे केर, आकाश बराल र सजन काफ्लेले लेखेको कथालाई आकाश र सजनले पटकथामा उतारेका हुन् ।

फिल्ममा दयाहाङ र प्रकृतिका साथै श्याम राई, विशाल पहाडी, बुद्धि तामाङ, सुवास गजुरेल, हिउँवाला गौतम, रुषा न्यौपाने, उमा बानियाँ, नविन शेरचन र प्रकाश भुजेलको पनि अभिनय छ । रोजन श्रेष्ठ निर्माता रहेको फिल्मको सह निर्मातामा ग्याल्जेन लामा र बालकृष्ण पाखिन छन् । 'बिहे पास'मा दयाहाङ र प्रकृति श्रीमान्-श्रीमतीको भूमिकामा छन् । प्रकृतिको यो कमब्याक फिल्म हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गारिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्
कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्चौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ।
www.sajhakuranews.com

# बाल्यकालदेखि हलो समातेका मोक्तानलाई ६० वर्ष कट्दा खेतबारी नै प्यारो

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/समाजमा समान्यतया १८ वर्ष पूरा भएपछि श्रम गर्न समक्ष उमेरका रुपमा हेरिन्छ । १८ वर्षदेखि सुरु श्रमको दैनिकी ५० वा ६० वर्षसम्म निरन्तर चल्ने गर्दछ ।

नेपाली श्रम बजारको परिवर्तन चाँडो हुने गरेकाले उपयुक्त उमेरसम्म धेरै प्रकारका श्रम गर्न पुग्छन् नेपालीहरु । तर, कृषि उत्पादनका लागि खेतबारीमा गरिने श्रम भने निरन्तर एउटै हुने गरेको छ । मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका घर भएका ६० वर्षीय एकजना ६० वर्षसम्म निरन्तर कृषिमा रम्दै आइरहेका छन् । कृषि उत्पादनबाट सुरु उनको श्रम दैनिकी ६० वर्ष पुग्दा पनि खेतबारीमै छ । बागमती गाउँपालिका-८ कोमेन्दोहात्तिआलका ६० बर्षीय इन्द्रबहादुर मोक्तानलाई अझै खेतबारी नै प्यारो लाग्ने गर्छ ।



हात चलुन्जेल, आँखाले देखुञ्जेल उनी खेतबारीमै रमाउने प्रण गर्छन् । हाल उनको दैनिकी पनि कृषिकर्ममै बित्छ । सानै उमेरदेखि कृषिमा रमाएका उनी विहानदेखि बेलुका सम्म खेतिपातिमै व्यस्त हुने गरेका छन् । अधिकांश समय विरुवाको गोडमेल, रेखदेख, टनेल र बारीमै बित्ने गरेको मोक्तान बताउँछन् । 'सानैदेखि कृषिमा लगाव थियो, बुबाले गरेको परम्परागत कृषिखेती मै रमाए, जे होस् सन्तुष्टी छु, परिवारको यसमा ठूलो साथ छ', उनले सुनाए- '११ बर्षदेखि नै बुबासँग कृषि कर्मसँगै बुबाको पछिपछि लागेर हलो जोत्न सिके । १६ बर्षदेखि आफैंले हलोजुवा चलाउन थाले उनले थपे अहिले धेरैले ट्याक्टरले जोत्छन तर म हलो नै प्रयोग गर्छु । खेत वारीमा जोत्न हलो र खन्न कोलादोकै प्रयोग गर्ने गरेको उनले बताए ।',

माटोको उर्वराशक्ति बढाउन जैविक मलको प्रयोग गर्ने गरेका मोक्तानले गाईको गौत जम्मा गरेर बोट बिरुवामा प्रयोग गर्ने गरेको अनुभव सुनाएका छन् । अर्गानिक तरकारी उत्पादन गर्नसके स्वास्थ्यका लागि फाइदा हुन्छ, मोक्तानले थपे अहिलेसम्म मैले अस्पताल र स्वास्थ्यचौकीको औषधि खानुपरेको छैन । ६० बर्षको उमेरमा पनि सुगर, प्रेसर केही छैन, उनले भने यो सबै अर्गानीक तरकारी र सक्रियताको कमाल हो । उनले मकवानपुर सहित नेपाल भरका सबैले अर्गानिक तरकारी खेती गरे सबैको स्वास्थ्य राम्रो हुने विश्वास व्यक्त गरे ।

पहिला परम्परागत मकै, धान कोदो खेती मात्रै हुन्थ्यो, हामीले तरकारी खेती पनि गर्न जानेका थिएनौं, तत्कालीन समयमा गाविस हुँदा तरकारी खेती गर्ने तालिम पाएपछि माटो अनुसारको तरकारी खेती गर्न थालेको उनले स्मरण गरे । माटो अनुसारको तरकारी उत्पादन गर्नसके राम्रो आम्दानी गर्न सकिने शिक्षा पाएपछि तरकारी खेती सुरु गरेको उनको अनुभव छ । परम्परागत रुपमा मात्रै खेती गरेर हुँदैन, उनले भने अहिलेको प्राविधिक सल्लाह अनुसार खेती गरे राम्रो आम्दानी लिन सकिन्छ । तालिमबाट शिक्षा पाएपछि २०५९ सालदेखि तरकारीको टनेलखेती सुरु गरेका मोक्तानले अहिले मनग्य आम्दानी गरिरहेका छन् ।

टनेलबाट तरकारी खेती गर्दा राम्रो आम्दानी भएपछि उनले नियमित रुपमा तरकारी खेती गरिरहेको बताए । एउटा टनेलबाट तरकारी खेती सुरु गरेका मोक्तानको अहिले ६ वटा टनेल छ । उनले एउटा टनेलबाट एक लाख रुपैयाँसम्मको आम्दानी लिन सकिने अनुभव सुनाए । उनले व्यवसायिक खेती गर्नका लागि थेवा एकीकृत कृषि तथा पशु फर्म मार्फत् कृषिकाम गरिरहेको बताए । अहिले उनको कृषि फर्ममा टमाटरको टनेल छ । १५ वटा टनेलमा खेती गर्ने लक्ष्य लिएका मोक्तानले अर्गानिक तरकारी खेती गर्न सुझाव दिए । 'तरकारी खेती ३ बाली हुन्छ', मोक्तानले भने- 'दुई बाली टमाटर र एक बाली साग, काउली, बन्दा लगाउने गरेको छु । एक टनेलबाट एक बर्षमा एक लाख रुपैयाँ कमाउँछु, ६ वटा टनेलबाट बार्षिक ६ लाख रुपैयाँसम्म आम्दानी हुन्छ ।',

टनेल निर्माणका लागि लगभग दुई लाख रुपैयाँ खर्च भएको उनले बताए । उनको बारीमा केरा, आँप, लिची, कागती लगायतका बिरुवा छन् । निर्वाहमुखी खेतीबाट व्यावसायिक खेतीमा लागेका उनी कृषिकर्ममा सन्तुष्ट रहेको बताए । परिवारबाट पनि कृषिका लागि पूर्ण साथ र सहयोग पाएको र परिवारले पनि बिरुवा रोप्ने समयमा पूर्ण सहयोग गरेको बताए । कृषिमा क्रान्ति गर्ने जीवनको मूल उद्देश्य बोकेका मोक्तानले बिषादिरहित तरकारी उत्पादन गर्न सबैलाई आग्रह गरे ।

# उपमहानगरका चार ठाउँमा बित्तीयशिक्षा र परामर्श कक्षा



साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/ बैदेशिक रोजगारीमा रहेका परिवारलाई लक्षित गर्दै हेटौंडा उपमहानगर पालिकाको चार ठाउँमा बित्तीयशिक्षा र सामाजिक परामर्श कक्षा सञ्चालन भएको छ । उपमहानगरसँगको सहकार्यमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन (सामी) परियोजनाअन्तर्गत् हेटौंडा ३ को दुई, १८ र १९ को एक/एक वटा समूहमा कार्यक्रम सञ्चालन गरिएको हो । बिषेश गरी खाडी मुलुकमा रोजगारीका लागि पुगेकाहरुको परिवारलाई लक्षित गर्दै चारवटा समूहमा सञ्चालन भएको कार्यक्रमले यहाँ रहेकालाई कसरी आर्थिक मितव्ययी बनाउँन सकिन्छ भन्ने बारेमा सहजीकरण गर्ने कार्यक्रम संयोजक अञ्जीता थापा मगरले बताइन् ।

तीन महिनासम्म सञ्चालन भएको तालिमले बाह्य मुलुकमा रहरे कमाएको पैसालाई बचत गर्ने, रोजगारीमा गएका व्यक्ति सम्पर्कमा नआए वा केही समस्या भए कहाँ सम्पर्क गर्ने ? बैदेशिक रोजगारीमा रहेका व्यक्तिले प्रयोग गरेका काजगपत्रलाई सुरक्षित राख्ने, पारिवारिक वातावरण कसरी बनाउँने लगायतको बिषयमा जानकारी गराउने बताइएको छ ।

लामो समयदेखि सञ्चालनमा रहेको परिवर्तन कक्षामा सहभागी हेटौंडा-३ लेवटकी सरिता थिङले तालिमबाट आफूहरुले निकै परिवर्तन महशुस गरेको बताइन् । उनले बाह्य मुलुकमा रहेका व्यक्तिले दुखः गरी कमाएर पठाएको पैसालाई फजुल खर्च नगरी कसरी बचत गर्ने ? भन्ने शिक्षा पाएको बताइन् । उनले बचतबाटै भोलिको भविष्य राम्रो हुन्छ भन्ने बारे जानकारी पाएको भन्दैं तालिम अगाडि कमाएर पठाइहाल्छ भन्दै खर्च गर्ने परिपाटीबाट सुधार आएको बताइन् ।

हेटौंडा-३ लेवटमा सञ्चालनमा रहेको बित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाको बिहीवार हेटौंडा १६ का अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक रामकृष्ण कोइरालासहितको टोलीले अनुगमन गरेको छ । अनुगमन गर्दै समितिका संयोजक कोइरालाले नियमित बचतका लागि सीप आवश्यक भएको बताएका थिए ।

दैनिक आय आर्जनमा जोडिन सके काम र पैसा दुबै हुने भएकाले बचतका लागि सहज हुने बताए । उनले रोजगारको शिलशिलामा बाह्य मुलुक गएकाको भन्दा पनि आफैंले रोजगारीको अवसर श्रृजना गरेर आर्थिक उपार्जनमा जोडिन आग्रह गरे । अनुगमनमा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्धन शाखाका प्रमुख लक्ष्मीनारायण भगत, सुरक्षित आप्रवासन कार्यक्रम संयोजक सञ्जीता थापा मगर, नगर प्रमुख सचिवालयका रुपा बिडारीलगायतले अनुगमन गरेका थिए ।

# मकवानपुरगढीमा पिल्लर...

कार्यप्रगति सन्तोषजनक नभएको र मन्त्रालयमा बैठक बोलाउँदासमेत निर्माण कम्पनी अनुपस्थित हुनाका साथै आफूले जिम्मा लिएको काममा चासो नदेखाएको र राज्यको लगानी अलपत्र पारेको, सर्वसाधरणले दुःख भोग्नपर्ने अवस्था आएकाले ठेक्का रद्द गरेर नयाँ ठेक्का आह्वान गरिने मन्त्री दुलालले जनाए । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ अनुसारको कार्य गरेकाले ठेक्का सम्झौता अन्त्य गरिएको मन्त्रालयले जनाएको छ ।

पुलको सम्झौताअनुसारको लागत रकम पाँच करोड ३७ लाख ९२ हजार तीन सय पाँच रुपैंया ३० पैसा रहेको मन्त्रालयले जनाएको छ । मन्त्रालयले कार्यसम्पादन जमानत बमोजिमको बैंक ग्यारेन्टी रकम २६ लाख ९० हजारसमेत जफत हुने जनाएको छ । उक्त पुलको ठेक्का तत्कालीन जिल्ला विकास समितिले लगाएको थियो । गतवर्ष निर्माण व्यवसायीले असारको बेला स्ल्याब ढलान गर्न खोज्दा खोलाले फाउन्डेशन बगाएको थियो । निर्माण व्यवसायीले बीमा दाबीका लागि असारमा आएर ढलान गर्न खोजेको आरोप लाग्ने गरेको छ । पुल नबन्दा हरेकवर्ष सामरी खोला वारपार भएर बस्तीमा बाढी छिर्ने डरले स्थानीय अझै त्रसित छन् ।

२०७३ साल पुस ११ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत जिल्ला विकास समिति मकवानपुरले नागर्जुन शंकरमाली जेभीलाई ५ करोड ३७ लाख ९२ हजार ३ सय ५ रुपैयाँमा २०७४ चैत ११ गतेसम्ममा निर्माण सम्पन्न गर्ने गरी उक्त पुलको ठेक्का दिएको थियो । पुलको एकभागमा काठमाडौं जोड्ने बासुदेव मार्ग र अर्कोतर्फ गाउँपालिका केन्द्र जोड्ने सडक विगतमै निर्माण भएका थिए । भौतिक पूर्वाधार विकासमन्त्री दुलाल प्रदेशभित्रका अलपत्र आयोजनामाथि निगरानी बढाइरहेका छन् । प्रदेश सरकारको बजेटमा निर्माण सुरु गरिएको थुप्रै सडक र पक्की पुलको निर्माण अलपत्र छ । सडक र पुल मात्रै नभई, हेटौंडामा प्रदेश सरकारकै सभाहलदेखि प्रदेशसभा भवन निर्माण पनि अलपत्र छ ।

सरकारले पहिलो चरणमा सडक र पुल निर्माणलाई चासो दिएको छ । बागमती प्रदेशभित्र रहेको संघीय र प्रदेश राजधानी जोड्ने छोटोमार्ग कन्तबिजोग अवस्थामा छ । भैंसेदेखि फर्पिङसम्म तीन चरणमा काम भइरहेका छन् । भैंसे-भीमफेदी, हुमानेभञ्ज्याङ-फर्पिङखण्ड र सिस्नेरी-छैमले-दक्षिणकाली खण्डको काम भइरहेका हुन् । भैंसेदेखि भीमफेदीसम्म र सिस्नेरी सडकखण्ड स्तरोन्नतीका लागि भौतिक प्रगति भए पनि हुमाने र फर्पिङखण्डको काम भएको छैन ।

छोटो मार्गको फाखेलतर्फ धेरै सवारीसाधन गुड्ने गरेका छन् । फाखेल क्षेत्रमा औसत सडक राम्रो भए पनि हुमानेदेखि फर्पिङसम्मको खण्ड अत्यन्तै जेखिमयुक्त रहेको छ । हुमानेदेखि फर्पिङसम्मको खण्डमा धेरै सवारी दुर्घटनासमेत हुने गरेको छ ।

## साधारणसभा सम्बन्धी सूचना

नेवाः सांस्कृतिक पुचः हेटौंडा मकवानपुरको ८ औं साधारण सभा यही मिति २०८० बैशाख ३० गते तय भएको हुँदा पुचःका सम्पूर्ण साधारण सदस्य, आजिवन सदस्यहरुलाई यही सूचनाद्वारा जानकारी गराउँदछौं ।

विष्णु गोपाल महर्जन (अध्यक्ष)

**नेवाः सांस्कृतिक पुचः हेटौंडा**

# एसइइमा सहभागी विद्यार्थीलाई देउरालीका होटल व्यवसायीको सहयोग



साझाकुरा संवाददाता

ईन्द्रसरोबर, २४ चैत/ मकवानपुरको ईन्द्रसरोबर गाउँपालिका-२ मा रहेको पञ्चकन्या माविबाट यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा सहभागी विद्यार्थीलाई स्थानीय जनप्रतिनिधि र होटल व्यवसायीले आर्थिक सहयोग गरेका छन् ।

एसइइ परीक्षामा सहभागी पञ्चकन्या माविका विद्यार्थीलाई हौसला मिलोस् भन्ने उद्देश्यले २ नम्बर वडाअध्यक्ष सुमन श्रेष्ठको पहलमा ४८ हजार नगद संकलन गरी विद्यार्थीलाई प्रदान गरिएको हो । पञ्चकन्या माविका १५ जना विद्यार्थी यस वर्षको एसइइ परीक्षामा सहभागी भएका छन् । उनीहरुको परीक्षा केन्द्र ईन्द्रसरोबर गाउँपालिकाको मार्खुमा रहेको सरस्वती बालबोधनी माविमा रहेको छ ।

विद्यार्थीलाई आवत/जावतमा समस्या हुनेभएपछि उनीहरु मार्खुस्थित विद्यालय नजिकै भाडामा बसेर परीक्षा दिइरहेका छन् । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई सहयोग पुग्ने र विद्यार्थीलाई अध्ययनमा समेत हौसला मिल्ने भएकाले देउरालीका सम्पूर्ण होटल व्यवसायीले सहयोग गरेको देउराली सुधार समितिका अध्यक्ष सुसन श्रेष्ठले जानकारी दिए ।

सहयोग रकम हस्तान्तरणका अवसरमा विद्यालयका प्रधानध्यापक प्रेम थापामगरले वडाअध्यक्ष सुमन श्रेष्ठ र होटल व्यवसायीको सहयोगले विद्यार्थीलाई परीक्षा दिलाउँन सहज भएको बताए ।

# जेनिथले सिटिइभिटीको तालिम संचालन गर्ने

हेटौंडा, २४ चैत/ हेटौंडा-५ पिप्लेमा रहेको जेनिथ ईन्टरनेशनल सेकेन्डरी विद्यालयले सिटिईभिटी कार्यक्रम संचालन गर्ने भएको छ । विद्यालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै सिटिईभिटी कार्यक्रमबारे जानकारी गराएको छ । विद्यालयका प्रिन्सिपल श्रीबहादुर कार्कीले विद्यालयले लेवल एकको व्यावसायिक खाना बनाउने र बेकरी सम्बन्धी ७ सय ९२ घण्टे तालिम प्रदान गरिने बताए ।

त्यस्तै, हेरचाहकर्ता (कियर गिभर) र मन्टेश्वरीको ३ सय ९० घण्टे तालिम प्रदान गरिने बताए । विभिन्न संघसंस्थाले तालिम प्रदान गरेता पनि मकवानपुरमा पहिलो पटक विद्यालयले यी तामिल प्रदान गर्न लागिएको प्रिन्सीपल कार्कीले बताए । हरेक विषयगत तालिममा ३०/३० जनाको सहभागिता रहने बताइएको छ । सिटिईभिटी मान्यता प्राप्त संस्था भएकाले यी तालिम लिन धेरै युवाहरु आतुर रहेको कार्कीले बताएका छन् ।

तालिम सशुल्क रहने जनाइएको छ । शिक्षा क्षेत्रको विकासमा थप सेवा वा योगदान पुग्ने हिसाबले तालिमको आयोजना गर्न लागिएको उनले बताए । मकवानपुरलाई शैक्षिक हवको रुपमा लैजानका लागि विभिन्न स्वरोजगार हुने खालका तालिम प्रदान गर्ने लक्ष्य रहेको कार्कीले बताए ।

सिटी कलेजले वाणिज्य संकाय र विज्ञान संकाय अध्यापन गराउँदै आइरहेको बताउँदै थप अंग्रेजी माध्यममा कानुन विषय समेत पठनपाठन सुरु गरिएको प्रिन्सिपल कार्कीले बताए । आगामी दिनमा स्वास्थ्यको ल्याव र एचए विषय पनि पढाउने तयारी रहेको उनले बताए ।

पत्रकार सम्मेलनमा विद्यालयका प्रशासन प्रमुख सुमन्त सिलवाल, कुक प्रशिक्षक जयराम पौडेल, केशव अधिकारी, मन्टेश्वरीका प्रशिक्षक विभूति अधिकारी, हेरचाह प्रशिक्षक आरती खड्कालगायत स्थानीय सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# गोरक्षस्वरको महायज्ञ बैशाख २० देखि २६ सम्म

साझाकुरा संवाददाता

हेटौंडा, २४ चैत/गोरक्षस्वरधाम हेटौंडामा बैशाख १ बाट गर्ने भनिएको पन्चबर्षीय बिराट महायज्ञ बैशाख २० गतेबाट सुरु हुने भएको छ । धार्मिक क्षेत्रका प्रकाण्ड बिद्वानहरुबीचमा बृहत छलफल गरी बैशाख २० गतेबाट सुरु गर्ने निर्णयमा पुगेको गोरक्षस्वर क्षेत्र विकास समितिका अध्यक्ष एबम् महायज्ञ मूल आयोजक समितिका बरिष्ठ उपाध्यक्ष उत्तम शर्मा ढकालले जानकारी दिए ।

बैशाख १ मा नयाँबर्षबाट सुरु गर्दा श्रीमद्भागवत कथावाचन गर्न मिल्ने भएपनि होमहोमादी, ब्रतबन्ध, सवाकरोड दीपप्रज्ज्वलन आदि धार्मिककार्य शुक्रअस्तको समयमा उचित नहुने भएकोले बैशाख १ गतेलाई स्थगित गरिएको बरिष्ठ उपाध्यक्ष ढकालले बताए । हेटौंडाका प्रतिष्ठित ब्यापारिक घराना सुमार्गी परिवारले २०६० सालदेखि हरेक ५ बर्षमा गोरक्षस्वर धाममा बिराट महायज्ञको आयोजना गर्दै आइरहेको छ ।

नीतिशास्त्र अनुसार अतिउत्तम बैशाख २० बाट सुरु गर्दा त्यसको शुभफल प्राप्त हुने भएकोले यो बर्ष २० दिन पछाडि सारिएको हो । बैशाख २६ सम्म अयोजना हुने महायज्ञको तयारी तीब्ररुपमा भइरहेको महायज्ञ मूल समारोह समितिका महासचिव हयग्रीब आचार्यले जानकारी दिएका छन् ।

## पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८०१३३२१२२**

## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरुमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

(नोटः भुई तल्ला फ्ल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-

**९८४५२६९७१३/९८४५०२०९५१**

**९८५५०३०९५१ (whatsapp)**

## सम्पूर्ण ब्राण्डका गाडी

### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**

मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,

मोवाईल नं. ९८४५८०८४०२

*Education is the real treasure*

## We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. **Vice-Principal**
2. **Coordinators**
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. **Secondary & Basic Level Faculty**
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. **Officers**
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

**HETAUDA ACADEMY**
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-525347
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना